# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १६० | काठमाडौं | सोमबार, २० असोज २०८२ | Prabhab National Daily | Monday, 06 October 2025 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।–


दुईदिने अविरल वर्षाको असर

# बाढीपहिरो र चटचाङ्ले लियो ५० जनाको ज्यान



अविरल वर्षाका कारण झिम नदीमा आएको बाढीले सर्लाहीको मलंगवा नगरपालिका–८ स्थित डुबानमा पारेको क्षेत्र । *तस्बिरः विश्वनाथ ठाकुर/रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** शुक्रबार र शनिबार परेको अविरल वर्षाको कारण देशभर बाढीपहिरो तथा चटचाङले ५० जनाको ज्यान लिएको छ । गृह मन्त्रालयका अनुसार शनिबार रातिको पहिरोमा परी इलाममामात्रै ३७ जनाको मृत्यु भयो ।

इलामस्थित जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक एकनारायण कोइरालाकाअनुसार पहिरोमा विभिन्न कामले इलाम पुगेका जिल्लाबाहिरका नागरिकलेसमेत ज्यान गुमाएका छन् ।

बाढी तथा चटचाङका कारण उदयपुरमा दुई, खोटाङमा दुई र पाँचथरमा आठ जनाले ज्यान गुमाएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जानकारी दिएको छ । अघिल्लो वर्षा असोज ११ गतेदेखि परेको वर्षाका कारण २०० भन्दा बढीको ज्यान गएको थियो । यसपटक सरकारले पूर्वतयारी, जोखिमयुक्त राजमार्गहरूमा सवारी रोकेर, मौसम पूर्वानुमानबारे अग्रिम सूचना प्रवाह गरेका कारण क्षति कम भएको बताइएको छ ।

सरकारले यस वर्ष मौसमलाई मध्यनजर गर्दै दुई दिन सार्वजनिक बिदासमेत दिएको

- वर्षा गराउने न्यूनचापीय मौसम प्रणाली मुलुकबाट बाहिरिएको जल तथा मौसम विज्ञान विभागको भनाइ
- शुक्रबार र शनिबार अविरल परेको वर्षाका कारण देशका विभिन्न भागमा आइतबार साँझसम्म ५० जनाको मृत्यु
- यस वर्ष पूर्वतयारीमा सरकार लागेका कारण अघिल्ला थप क्षति हुनबाट जोगाइएको सरकारको दाबी

थियो । आइतबारबाट आकाश खुलेसँगै सोमबारबाट भने सरकारी सेवा सुरु गर्न सरकारले निर्देशन दिइसकेको छ ।

जल तथा मौसम विज्ञान विभागले वर्षा गराउने न्यूनचापीय मौसम प्रणाली मुलुकबाट बाहिरिएको जानकारी दिएको छ । विभागले आइतबार अपराह्न विज्ञप्ति जारी गर्दै वर्षा गराउने न्यूनचापीय मौसम प्रणाली नेपालबाट बाहिरिएर मनसुन कमजोर भई मौसममा सुधार आइसकेको भएता पनि मनसुन बहिर्गमन भइनसकेको हालको अवस्थामा मनसुनजन्य प्रकोपबाट जोगिन तथा सचेत रहन विभागले विज्ञप्तिमार्फत आग्रह गरेको छ ।

बंगालको खाडीबाट विकसित भएको न्यूनचापीय प्रणालीका कारण यही असोज १७ गतेदेखि आइतबार बिहानसम्म सक्रिय रहेको विभागले जानकारी दिएको छ ।

### सप्तकोसी नदीमा पानीको बहाव पाँच लाख ३३ हजार क्युसेक

पूर्वीपहाडी तथा तराईका जिल्लामा लगातार भएको वर्षाका कारण सप्तकोसी नदीमा पानीको बहाव उच्च भएको छ । आइतबार कोसी ब्यारेजमा पाँच लाख ३३ हजार ५४० क्युसेक प्रतिसकेण्ड पानीको बहाव मापन गरिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जानकारी दिए ।

पानीको बहाव उच्च भएपछि कोसी ब्यारेजका ५६ वटै ढोका खोलिएको उनले बताए । पानीको बहाव उच्च भएपछि खतराको संकेतस्वरूप रातो बत्ति बाली रातो भण्डासमेत फहराइएको छ । यसैगरी कोसी ब्यारेज वरिपरि सवारीसाधान सञ्चालनमा समेत रोक लगाइएको छ ।

क्रमशः पृष्ठ २ मा

## जोखिम आकलन नगरिएको ठाउँमा ठूलो मानवीय क्षति



- इलाममा सर्वाधिक ३७ जनाको मृत्यु
- आठ जना घाइते, पाँचको सकुशल उद्धार, केही बेपत्ता
- ४१ घर विस्थापित, अझै पहिरोको जोखिम उच्च
- कन्याम र माईमा अति भारी वर्षा मापन

इलामको देउमाई नगरपालिकास्थित मंगलबारे बजार क्षेत्रमा शनिबार गएको पहिरो । *तस्बिर सौजन्यः रुटिन अफ इलाम*

■ **जेबी योञ्जन**

**काठमाडौं–** अति भारी वर्षापछिको बाढी र पहिरोले इलाममा जोखिम आकलन नै नगरिएको ठाउँमा ठूलो जनधनको क्षति पुऱ्याएको छ । इलामकी प्रमुख जिल्ला अधिकारी सुनिता नेपालका अनुसार पहिरोमा परी ३७ जनाको मृत्यु भएको छ । आठ जना घाइते भएका छन् । केही बेपत्ता छन् । पहिरोबाट ४१ परिवार विस्थापित भएका छन् ।

शनिबार रातिको वर्षाले जनधनको क्षति भएको प्रजिअ नेपालले बताइन् । उनले जोखिम आकलन गरेर नक्सांकन नगरिएको ठाउँहरू यसपटकको बाढीपहिरोबाट प्रभावित भएको जानकारी दिइन् ।

'यहाँका स्थानीयहरूका अनुसार इलाममा यो स्तरको जनधनको क्षति अहिलेसम्म कहिल्यै भएको थिएन । तर यसपटक भयो, त्यो पनि जोखिम आकलन नगरिएको ठाउँमा,' उनले प्रभावसँग भनिन्, 'जिल्ला विपद् व्यवस्थापन समितले यसपटक पहिरो गएको ठाउँहरूमा नक्सांकन पनि गरेको थिएन ।'

> यहाँका स्थानीयहरूका अनुसार इलाममा यो स्तरको जनधनको क्षति अहिलेसम्म कहिल्यै भएको थिएन । तर, यसपटक भयो, त्यो पनि जोखिम आकलन नगरिएको ठाउँमा ।
>
> ■ **सुनिता नेपाल**
> प्रमुख जिल्ला अधिकारी, इलाम

आइतबार बिहानै विपद्जन्य घटना पहिरोले इलाम नगरपालिका वडा नम्बर–६ घोसका प्रकाश तामाङको घर पुरिएको खबर आएको थियो, जुन घर भएको क्षेत्रलाई जिल्ला विपद् व्यवस्थापन समितिले जोखिमपूर्ण मानेको थिएन । त्यहाँ घरमाथिको ढिस्कोबाट आएको पहिरोले एकै परिवारका छ जनाको ज्यान लियो । मृतकहरू २३ वर्षीय समिर देउजाली, २३ वर्षीय प्रवीण तामाङ, २३ वर्षीय विराज पाख्रिन तामाङ, तीन वर्षीय आवास दनुवार, ३२ वर्षीया अनु तामाङ र आठ वर्षीया प्रिन्सिखा मगर छन् ।

क्रमशः पृष्ठ २ मा

पीडामा हर्षचोकका श्रेष्ठ परिवार

# चार बेपत्ताको छिटो खोजी गरिदिन आग्रह

**भक्तपुर–** सूर्यविनायक नगरपालिका–४ हर्षचोकस्थित ओम सृजनशील समाज बस्ती यतिखेर पीडामा डुबेको छ । लाङटाङ घुम्न गएका आफ्ना तीन सन्तान रसुवाको गोसाइँकुण्ड गाउँपालिका–४ को बेरिङ खोल्साले बगाएर बेपत्ता भएको थाहा पाएपछि परिवारसहित टोल-बस्ती नै पीडामा डुबेको छ ।

रोजगारीको सिलसिलामा विगत चार वर्षदेखि दुबईमा बस्दै आएकी २६ वर्षीया सनिता श्रेष्ठ असोज ९ गते मात्र यस वर्ष परिवारसँग दसैं मनाउन दुबईबाट बिदा लिएर घर आएकी थिइन् ।

रोट्र्याक क्लबको नेतृत्वमा दसैंको टीका सकेर सनितासँगै बहिनी २४ वर्षीया संस्कृति श्रेष्ठ र भाइ २० वर्षीय कृष्ण भन्ने चितलाल श्रेष्ठ १८ गते शनिबार दिउँसो करिब ५:०० बजे बेरिङ खोल्सा तर्नेक्रममा आएको पहिरोसँगैको लेदो पानीले बगाएर बेपत्ता भएको जानकारी प्राप्त हुनासाथ आफूहरूले अकल्पनीय पीडा व्यहोर्नुपरेको बेपत्ता भएकाहरूका काका केशव श्रेष्ठले जानकारी दिए ।

१६ गते दसैंको टीका लगाएर रमाइलो गरेको परिवारमध्ये १७ गते बिहान करिब ५:०० बजे पाँच दिने यात्रामा लाङटाङ घुम्न गएका उनीहरूसँगै भक्तपुर नगरपालिका–१० क्वाठण्डौं बस्ने २३ वर्षीय रवि श्रेष्ठसमेत यात्रा पूरा नगर्दै बेपत्ता भएका छन् । उनीहरू बेपत्ता भएसँगै यात्रामा रहेका १६ जनाको टोलीमध्ये १२ जना साथी गुमाउँदाको पीडासहित यतिखेर रसुवामै वीक्षिप्त अवस्थामा छन् ।

पहिलो दिन भक्तपुरबाट बेम्बो, दोस्रो दिन बेम्बोबाट लाङटाङ, तेस्रो दिन लाङटाङबाट खानजिङ गोन्पा, चौथो दिन खानजिङ गोन्पाबाट काञ्जिन रि र पाँचौं दिन काञ्जिन रिबाट भक्तपुर फर्कने गरी १७ गते बिहान भक्तपुरबाट गएको १६ जनाको टोलीले गोसाइँकुण्ड–५ स्थित बेम्बो होटलमा बास बसेर लाङटाङतर्फको यात्रा तय गरेको थियो ।



*तस्बिरः रासस*

> लाङटाङ घुम्न गएका आफ्ना तीन सन्तान रसुवाको गोसाइँकुण्ड गाउँपालिका–४ को बेरिङ खोल्साले बगाएर बेपत्ता भएको थाहा पाएपछि परिवारसहित टोल–बस्ती नै पीडामा डुबेको छ ।

श्रेष्ठका काका केशवले भने, 'हामी हिजैदेखि सम्पर्कका लागि पटक–पटक प्रयास गरिरहेका थियौं । यात्रामै रहेका टोलीमध्येका अहिले बेम्बो होटलमा बसिरहेका चार जनासँग कुरा पनि भयो । उनीहरूका अनुसार खोल्सा तर्ने क्रममा अचानक माथिबाट आएको पहिरोसँगैको लेदोमा पहिलोपटक सनिता बगिन् र उनलाई बचाउन गएकी बहिनी संस्कृति पनि बगिन्, फेरि उनलाई बचाउन जाँदा भाइ कृष्णसमेतलाई बगाएर अन्तिममा साथी रविलाई पनि बगाएछ ।'

एकले अर्कालाई बचाउन जाँदा चारै जना बेपत्ता भएको टोलीमै रहेका प्रत्यक्षदर्शीले जानकारी दिएको उनले बताए । शनिबार दिउँसो ४:०० बजेसम्म आमा–छोरीको कुराकानी भइरहेको जानकारी दिँदै उनले राति करिब ८:०० बजे एक्कासि बेपत्ता भएको जानकारी आएपछि दाजुको घरमा गएर सम्पर्कको प्रयास गरिरहेको र रसुवाको प्रहरीसँग सम्पर्क गरेको बताए ।

तीन सन्तान एकैपटक बेपत्ता भएपछि पिता कृष्णबहादुर र आमा सरिता गहिरो शोकमा छन् । पाँच छोरी र एक छोरा रहेका श्रेष्ठ दम्पतीका एक छोरा र दुई छोरी एकैपटक बेपत्ता भएपछि शनिबारदेखि परिवार न भोक न निन्द्रा सबै छाडेर पीडामा डुबेको छ । उनीहरूको अवस्था अझै अज्ञात रहेकाले तीव्ररूपमा खोजी कार्य गरिदिन काका केशवले आग्रह गरे । उनीहरूको अवस्था कस्तो छ भन्ने जानकारी परिवारले कुरिरहेको उनी बताउँछन् ।

यता भक्तपुर क्वाठण्डौंका बेपत्ता रवि श्रेष्ठका बुवा राजु श्रेष्ठ शनिबार ३:०० बजेसम्म छोराको आमा बुद्धलक्ष्मीसँग कुराकानी भइरहेको र होटलमा पुगेको जानकारी गराएको बताउँछन् । बीचमा फोन गर्दा सम्पर्क नभएको तर राति करिब ८:०० बजे एक्कासि सामाजिक सञ्जालमा बेपत्ता भएको खबर आएपछि रसुवा प्रहरीसँग सम्पर्क गरेर जानकारी लिएको उनले बताए ।

रवि बेपत्ता भएको खबरसँगै उनका वृद्ध हजुरबुबा, हजुरआमा, आमा बुद्धलक्ष्मी, बहिनी रविना र बुवा राजुको आँखा ओभाएको छैन भने खोजी गरेर सकुशल रहेको खबर सुन्ने आशामा सिंगो परिवार यतिखेल खबर कुरिरहेको छ ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## बाढीपहिरो र चट्याङले...

### सबैभन्दा बढी वर्षा रौतहटको महेशपुरमा

जल तथा मौसम विज्ञान विभागले शनिबार बिहान ०४:३० देखि आइतबार बिहान ०४:३० बजेसम्म रौतहटको महेशपुरमा अधिकतम वर्षा भएको जानकारी दिएको छ । बंगालको खाडीबाट विकसित भएको न्यून चापीय प्रणालीको कारणले यही असोज १७ गते साँझदेखि आइतबार बिहानसम्म मनसुन सक्रिय भई मधेस र बागमती प्रदेशका अधिकांश वर्षामापन केन्द्रहरूमा भारीदेखि अति भारी वर्षा तथा कोशी प्रदेशका अधिकांश वर्षामापन केन्द्रहरूमा मध्यमदेखि अति भारी वर्षा मापन भएको विभागले जनाएको छ। त्यस क्रममा रौतहटमा ३५८ मिलिमिटर वर्षा मापन भएको विभागले जनाएको हो।

विभागले आइतबार सार्वजनिक गरेको २४ घण्टाको वर्षाको विवरणअनुसार १८६ वटा केन्द्रमा वर्षा मापन गरिएको छ । जसमध्ये १०५ वटा केन्द्रमा ५० मिलिमिटरभन्दा बढी, ६८ वटा केन्द्रमा १०० मिलिमिटरभन्दा बढी, २१ वटा केन्द्रमा २०० मिलिमिटरभन्दा बढी र पाँचवटा केन्द्रमा ३०० मिलिमिटरभन्दा बढी वर्षा मापन भएको छ। ३०० मिलिमिटरभन्दा बढी वर्षा मापन भएका केन्द्रहरूमा इलाम जिल्लाको हिमाली गाउँ केन्द्र (३३२.६ मिलिमिटर) र कन्याम टी स्टेट केन्द्र (३१४.२), पर्सा जिल्लाको मुडली केन्द्र (३२८.६), रौतहट जिल्लाको महेशपुर केन्द्र (३२८ मिलिमिटर) र गौर केन्द्र (३१५ मिलिमिटर) रहेको विभागको तथ्यांकमा उल्लेख छ।

विभागका प्रवक्ता विभूति पोखरेलले अविरल वर्षाका कारण शनिबार अपराह्नबाट उल्लिखित प्रदेशअन्तर्गतका बागमती, त्रिशूली, पूर्वी राप्ती, लालबकैया, कमलालगायतका नदीहरूमा जलसतहले सतर्कता तह पार गरेको र हाल घट्दो क्रममा रहेको जानकारी दिए।

### सुनसरीमा हजारभन्दा बढी घर डुबानमा

लगातारको वर्षाले सुनसरीमा आइतबार करिब एक हजार ३६ घर डुबानमा परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगराज खतिवडाले वर्षाका कारण खोलानाला बढेपछि जिल्लाका विभिन्न नगर तथा गाउँपालिका क्षेत्रका बस्तीहरूमा बाढी पसेको बताए।

जिल्लाको भोक्राहा नरसिंह गाउँपालिका-५ मा करिब ३०० घर, बराहक्षेत्र नगरपालिका-८ मा १६० घर र इनरुवा नगरपालिका-१० को जाल्पापुर क्षेत्रमा ३०० भन्दा बढी घरभित्र बाढी पसेको जनाइएको छ।

त्यस्तै, इनरुवा-४, ८, ९ र १०, रामधुनी-६, ७ र इटहरी उपमहानगरपालिका-५ का बस्तीहरूमा पनि केही घर डुबानमा परेका छन् । बाढीका कारण इनरुवा-४ स्थित जानोदय आधारभूत विद्यालय र भोक्राहास्थित कार्डियो न्युरो अस्पतालसमेत प्रभावित भएका छन् । बराहक्षेत्र नगरपालिका-८ स्थित दोभान खोलाले ४५ वर्षीय नवराज उरावलाई बगाएको छ।

### विभिन्न राजमार्ग अवरुद्ध

बाढीपहिरोका कारण मुलुकका विभिन्न राजमार्गमा अवरुद्ध भएका छन् । पृथ्वी लोकमार्गको जवाङखोलामा पहिरो खस्दा यो लोकमार्ग पूर्णरूपमा बन्द भएको छ।

पहिरोले प्रभावित नारायणगढ-मुग्लिन सडक एकतर्फी सञ्चालनमा आएको छ । काभ्रेको बिपी राजमार्गमा दुवैतर्फी सवारीसाधन अनिश्चित समयका लागि होल्ड गरिएको छ।

रसुवाको पासाङल्हामु सडक पनि अवरुद्ध भएको छ । संखुवासभाको वरुणखोलास्थित कोशी राजमार्ग र खाँदबारीदेखि किमाथांका तथा थुमसुर जाने कोशी राजमार्गमा पनि सवारीसाधन सञ्चालन भएका छैनन्।

#### यी हुन् इलाम पहिरोमा ज्यान गुमाउनेहरू

| नाम | उमेर | ठेगाना |
|---|---|---|
| किरण थेवे | २८ | माईजोगमाई गाउँपालिका-६ |
| मनमाया थेवे | १८ | |
| मुनुसा थेवे | ३ | |
| बर्मालाल सोङमी | ८२ | माईजोगमाई-३ |
| बुद्धमाया सोङमी | ७० | |
| धनबल सोङमी | ४६ | |
| सरला सोङमी | ४२ | |
| प्रकृती सोङमी | १४ | |
| सुरेश लिम्बू | २८ | फाकफोकथुम गाउँपालिका-३ |
| मनमाया क्षेत्री | ६५ | सूर्योदय नगरपालिका-१ |
| रस्मिका क्षेत्री | १० | |
| समिर देउजाली | २३ | इलाम नगरपालिका-६ |
| प्रवीण गुरुङ | - | |
| विराज पाखिन तामाङ | - | |
| रोशन लिम्बू | २२ | देउमाई नगरपालिका-५ |
| बेबिसा राई | २२ | |
| दीपक लिम्बू | ३० | |
| ऋषिका लिम्बू | २७ | |
| दिपिस्का लिम्बू | १० | |
| कृष्ण मगर | २८ | देउमाई नगरपालिका-३ |
| प्रिन्सिखा मगर | ८ | माई नगरपालिका-५ |
| कृष्णमाया लिम्बू | ५७ | माङसेबुङ गाउँपालिका-१ |
| माया लिम्बू | ५० | |

| नाम | उमेर | ठेगाना |
|---|---|---|
| रोशन लिम्बू | २२ | देउमाई नगरपालिका-५ |
| बेबिसा राई | २२ | |
| दीपक लिम्बू | ३० | |
| ऋषिका लिम्बू | २७ | |
| दिपिस्का लिम्बू | १० | |
| कृष्ण मगर | २८ | देउमाई नगरपालिका-३ |
| प्रिन्सिखा मगर | ८ | माई नगरपालिका-५ |
| कृष्णमाया लिम्बू | ५७ | माङसेबुङ गाउँपालिका-१ |
| माया लिम्बू | ५० | |
| भीमबहादुर राई | ४३ | सन्दकपुर गाउँपालिका-१ |
| वर्षीया हरिमाया राई | ६६ | |
| देवी राई | ४७ | |
| शेखर राई | ५४ | |
| शारदा सेढाईं | ७४ | |
| तारादेवी राई | ४८ | |
| अनु तामाङ | ३२ | अर्जुनधारा नगरपालिका-६, झापा |
| आवास दनुवार | ३ | |
| सौजन लिम्बू | ९ | फाक्तेप, पाँचथर |
| सौगात लिम्बू | ११ | |
| नेहा राई | १७ | मिक्लाजुङ गाउँपालिका-६, पाँचथर |
| दीप बस्नेत | ४५ | दोलखा |
| भवानी बस्नेत | ४४ | |
| दिव्या बस्नेत | १२ | |

क्षति पुगेका र अवरुद्ध सडक खुलाउने काममा सरकार लागिसकेको भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले जानकारी दिए । बिपी राजमार्ग पनि केही दिनमै खुल्ने मन्त्री घिसिङले बताए । 'बिपी राजमार्गको धेरै ठाउँमा क्षति पुगेको छ । रिस्टोर गर्नका लागि जहाँ-जहाँ इक्विपमेन्ट पुग्छ त्यहाँ पठाउँदै छौं । मौसम पनि खुल्दै छ । दुई-तीन दिनभित्र खुल्छ,' मन्त्री घिसिङले भने ।

बिपी राजमार्ग नखुल्दासम्म पुष्पलाल राजमार्गदेखि विभिन्न सडकसमेत प्रयोगमा ल्याइएको घिसिङले बताए ।

■ ■ ■

## जोखिम आकलन...

पहिरोको जोखिम आकलन नगरिएको जिल्लाकै सन्दकपुर गाउँपालिका-१ छाँगेमा पनि पहिरोले ठूलो जनधनको क्षति पुऱ्यायो । त्यहाँ छविधन राईको घरमा पहिरो जाँदा ४३ वर्षीय भिमबहादुर राई, ६६ वर्षीया हरिमाया राई, ४७ वर्षीया देवी राई, ५४ वर्षीय शेखर राई, ७४ वर्षीया शारदा सेडाइँ र ४८ वर्षीया तारादेवी राईको मृत्यु भयो ।

माईजोगमाई गाउँपालिका-३ प्याङमा पहिरोले घर पुरिँदा ८२ वर्षीय बर्मलाल सोङमी, ७० वर्षीया बुद्धमाया सोङमी, ५६ वर्षीय धनबल सोङमी, ४२ वर्षीय सरला सोङमी र १४ वर्षीया प्रकृती सोङमीको ज्यान गयो ।

सूर्योदय नगरपालिका-१ मानेभञ्ज्याङमा राजु क्षेत्रीको घरमा पहिरो जाँदा मनमाया क्षेत्री (६५), रस्मिका क्षेत्री (१०), दोलखाका दीप बस्नेत (४५), उनकी श्रीमती भवानी बस्नेत (४४) र छोरी दिव्या बस्नेत (१२) को मृत्यु भएको छ ।

देउमाई नगरपालिका-५ ढुसेनीमा दिपक लिम्बूको घरमा पहिरो जाँदा दिपक (३०), श्रीमती ऋषिका लिम्बू (२७), छोरी दिपिस्का लिम्बू (१०), भतिजा सौजन लिम्बू (९) र सौगात लिम्बू (११) को ज्यान गएको हो । सोही वडाको झारेमा मनकुमार लिम्बूको घरमा पहिरो जाँदा छोरा रोशन लिम्बू (२२) र बुहारी बेबिसा राई (२२) को मृत्यु भएको इलाम प्रहरीले जानकारी दिएको छ ।

यस्तै, देउमाई-३ लक्ष्मीबोटेमा गणेश मगरको घरमा पहिरोले २८ वर्षीय कृष्ण मगरलई ज्यान लियो । माङ्सेबुङ गाउँपालिका-१ पाटी गाउँमा मदन लिम्बूको घरमा पहिरो जाँदा आमा कृष्णमाया लिम्बू (५७), फुपू माया लिम्बू (५०) र पाँचथर मिक्लाजुङकी १७ वर्षीया नेहा राईको मृत्यु भएको छ ।

फाकफोकथुम गाउँपालिका-३ रातमाटेमा गाईगोठ हेर्न गएका २८ वर्षीय सुरेश लिम्बू पहिरोमा पुरिएर मृत भेटिएका छन् । माईजोगमाई-६ ओडारेमा भक्तबहादुर थेवेको घरमा गएको पहिरोले २८ वर्षीय किरण थेवे, १८ वर्षीया मनमाया थेवे र ३ वर्षीया मुनुसा थेवेको ज्यान लिएको छ ।

इलाम प्रहरीका अनुसार पाँच जनाको पहिरोग्रस्त क्षेत्रबाट सकुशल उद्धार गरिएको छ। प्रमुख जिल्ला अधिकारी नेपाल पहिरोले जनधनको क्षति पुऱ्याएको क्षेत्रहरू जोखिमको दृष्टिले सामान्य मानिएको बताउँछिन् । तर, तिनै क्षेत्रहरूमा पहिरोले देशमै सर्वाधिक मानवीय क्षति पुऱ्यायो ।

विपद् व्यवस्थापन समितिले धेरैजसो घटना रातिको समयमा भएकाले मानवीय क्षति बढेको निष्कर्ष निकालेको छ । अझै पनि इलामका विभिन्न बस्तीमा पहिरोको जोखिम उच्च रहेको र मौसम नखुलुञ्जेल उद्धारमा कठिनाइ भइरहेको प्रहरीले जानकारी दिएको छ ।

पहिरोले अधिक मानवीय क्षति भएको इलाममा बितेका २४ घण्टामा ३२२ मिलिमिटर वर्षा भएको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार इलामका सबै केन्द्रमा २०० मिलिमिटरभन्दा बढी वर्षा भएको छ। सर्वाधिक कन्याम र माई पोखरीमा २७६ मिलिमिटर वर्षा भएको छ। यो अति भारी वर्षा हो।

■ ■ ■

## चार बेपत्ताको...

शुक्रबार बिहान करिब ४:०० बजे साथीसँग घुम्न निस्केको छोरा बेपत्ता भएको खबरले शनिबार साँझदेखि श्रेष्ठ परिवार र आफन्तजन पीडामा छन् । छोराको छिटो खोजी गरिदिन रविका बुवा राजु सरकारलाई आग्रह गर्छन् ।

यसबारेमा जानकारी लिँदा जिल्ला प्रहरी कार्यालय रसुवाका सूचना अधिकारी प्रहरी निरीक्षक राजु शाहले बेपत्ताको खोजीका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोली घटनास्थल पुगेर बेपत्ताको खोजी कार्य जारी राखेको जानकारी दिए । उनले नुवाकोटको सिमानासम्म खोज तथा उद्धार टोली परिचालन गरिएको र नुवाकोट प्रहरीलाई पनि घटनाबारे जानकारी गराएर खोजी कार्य भइरहेको जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालय रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले बिहानदेखि बेपत्ताको खोजीमा सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिए । *रासस*

# मधेसको जनजीवन प्रभावित



■ अजयकुमार साह

**धनुषा–** शुक्रबार रातिदेखिको अविरल पानी वर्षाका कारण धनुषासहित मधेसका प्रायः सबै जिल्लाका जनजीवन प्रभावित बनेको छ । मधेस प्रदेशको राजधानी जनकपुरधाम निरन्तरको वर्षाले जलमग्न बनेको छ । जनकपुरधाम उपमहानगरपालिकाका अधिकांश बस्ती, बजार र सरकारी कार्यालय परिसर पानीले डुबानमा परेका छन् ।

नगरप्रमुख मनोज साहका अनुसार बर्सेनि दोहोरिने समस्या यस वर्ष झन गम्भीर बनेको छ। 'पानीको उचित निकास नहुँदा सहरका मुख्य सडकदेखि आवासीय क्षेत्रसम्म डुबान भएको छ, जनताले घरभित्रै पानी जमेको गुनासो गरेका छन्,' उनले भने ।

उनले पानी निकासका लागि नगर प्रहरीसहित पालिकाबाट हुने हरेक प्रयास जारी रहेको बताए । प्रमुख साहका अनुसार विशेषगरी जनकपुरधामको रामानन्दचोक, जानकी मन्दिर वरपर, राजदेवी मन्दिर रोड, सब्जी बजार, अस्पताल क्षेत्रलगायत स्थानमा पानीको स्तर बढ्दै गएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, हुलाक कार्यालय, राष्ट्रिय समाचार समितिको कार्यालयलगायतका सरकारी भवन परिसरमा पानी जमेको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशका विभिन्न नदीमा जलस्तर बढ्दै गएको जनाउँदै प्रहरी र सशस्त्र बललाई पूर्णतयारी अवस्थामा रहन निर्देशन दिएका छन् । मुख्यमन्त्री सिंहले मधेस प्रदेश प्रहरी प्रमुखसँग सम्पर्क गरी जोखिम क्षेत्रका बासिन्दालाई तुरुन्तै सुरक्षित स्थानमा सार्न आदेश दिएका हुन् ।

'बाढी र डुबानले जनजीवन जोखिममा परेको छ, प्रशासन, सुरक्षा निकाय र स्थानीय तह सबैले समन्वय गरेर तत्काल उद्धार र राहतका उपाय अपनाउनुपर्छ,' मुख्यमन्त्री सिंहले भने । प्रदेश सरकारका अनुसार बागमती नदीमा अहिले करिब पाँच हजार ५०० क्युसेक पानीको बहाव भइरहेको छ । यो खतराको तहभन्दा ५०० क्युसेक बढी हो। बागमती बैराजका सबै ढोका खोलिएका छन् ।

मुख्यमन्त्री सिंहले भने, 'कुलेखानी जलविद्युत् केन्द्रको बाँधका ढोका खोलिँदै गइरहेकाले बागमती नदीमा थप पानी आउन सक्छ, त्यसैले रौतहट र सर्लाहीका तटीय क्षेत्र उच्च सतर्क रहनु अत्यावश्यक छ।'

मधेस प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक उमाप्रसाद चतुर्वेदीका अनुसार हालसम्म प्रदेशका कुनै पनि जिल्लामा ठूलो मानवीय क्षति भएको छैन । 'प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका टोली सतर्क छन्, जोखिम क्षेत्रका बासिन्दालाई सचेत गराइरहेका छौं,' उनले भने । प्रहरीका अनुसार बाढी नियन्त्रणका लागि तटबन्ध मर्मत र तत्काल उद्धार कार्यका लागि तयारी भइरहेको छ । स्थानीय प्रशासनले किसानलाई मौसमअनुसार सतर्क रहन अपिल गरेको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले पनि नदी आसपासका बासिन्दालाई सतर्क रहन आग्रह गरेको छ । कमला र रातुखोलाको सतह बढ्दै गएकाले कुनै पनि बेला पानीले तटीय क्षेत्र प्रभावित पार्न सक्ने जनाइएको छ । उपमहानगरपालिकाले पनि नागरिकलाई अनावश्यक आवागमन नगर्न, विद्युतीय उपकरण सुरक्षित स्थानमा राख्न र विद्यालयका गतिविधि अस्थायीरूपमा स्थगित गर्न अनुरोध गरेको छ ।

त्यसैगरी जनकपुरधामबाट छुट्ने संघीय राजधानी काठमाडौं जाने सवारीसाधन ठप्प भएपछि शनिबार बिहान काठमाडौं हिँडेका कतिपय मानिस बाटोबाटै फर्किएका छन् । दसैं मनाएर शनिबार बिहान काठमाडौं फर्कने गाडी बुक गरे पनि भारी वर्षाका कारण गाडी जानै नसकेको क्षीरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरका बासिन्दा नवीनराज दाहालले बताए। भारी वर्षाका कारण धनुषासहित तराई क्षेत्रबाट काठमाडौं जाने गाडी ठप्प भएका छन् । लामो दूरीमा चल्ने अन्य गाडी पनि कम मात्रामा चलिरहेका छन् ।

क्षीरेश्वरनाथ नगरपालिका-९ का वडाध्यक्ष मोदकुमार महतोले प्रत्येक खोलामा ठूलो बाढी आएकाले खोलापर्ने क्षेत्रमा पैदल हिँडेरै जाने अवस्थासमेत नरहेको बताए । भारी वर्षाले गर्दा यहाँ बिजुली अनियमित बनेको छ । अधिकांश स्थानमा मोबाइलको नेटवर्कसमेत अवरुद्ध हुँदा टेलिफोन सम्पर्कमै समस्या पैदा भएको स्थानीयले गुनासो गरेका छन् । लगातार पानी परिरहँदा पशुपालक किसानलाई पशुका लागि आहारा जुटाउन समस्या परेको छ । पानी पर्न नरोकिँदा शनिबारदेखि दिनभर जनकपुरधाम, महेन्द्रनगर, ढल्केवर, सबैला, गोदारसहित जिल्लाका हाटबजारका अधिकांश पसल तथा व्यवसाय खुल्न सकेको छैन ।

प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले बाढी तथा डुबानको समस्या आउनासाथ तत्काल उद्धारको काम गर्न तयार अवस्थामा रहेको बताए । आचार्यले करिब ३० घण्टादेखि अविरल वर्षा भइरहँदा आइतबारसम्म जिल्लामा केही ग्रामीण भेगमा बाढी तथा डुबानको समस्या देखिए पनि कुनै किसिमको मानवीय क्षति नभएको बताए ।

कमला, जलाद, औरही, दूधमती, हर्दिनाथलगायतका खोलामा शनिबार अपराह्नबाट बाढी बढ्न थालेको थियो । *रासस*


**बहराइनमा रोजगार** कम्पनी : SAMMONAH SANDWICHES

पूर्व स्वीकृति मिति : २०८२/०६/१३ | LT. No. 331865 | चलानी नं.६०२४५५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BHD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant. | 5 | 0 | 120 | ४५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**साउदीमा रोजगार** कम्पनी : ABDUL AZIZ MOHAMMED AHMED AL ZAHRANI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/१३ | LT. No. 331862 | चलानी नं.६०२४५५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1500 | ५६,८११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : LADHA RIYADH RESTAURANT FOR MEALS

पूर्व स्वीकृति मिति : २०८२/०६/१९ | LT. No. 331887 | चलानी नं.६०२४५५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**ओमानमा रोजगार** कम्पनी : IBRAHIM HAMID AL FARSI TRADING

पूर्व स्वीकृति मिति : २०८२/०६/१९ | LT. No. 331882 | चलानी नं.६०२४५५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Presser | 1 | 0 | 140 | ५१,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कतारमा रोजगार** कम्पनी : TOWN BELL CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/१९ | LT. No. 331874 | चलानी नं.६०२४५५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 4 | 1000 | ३८,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २७ गते (13th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**साउदीमा रोजगार** कम्पनी : SHOUDA NAJD READY MIS CONCRETE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/१९ | LT. No. 331667 | चलानी नं. ६०२४५५३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cement Mixture Driver | 02 | 0 | 1800 | ६८,१७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २७ गते (13th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BABY ANGEL INTERNATIONAL PVT. LTD.
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1- 4561353 / 9801029271
E-mail: info@babyangelintl.com.np, babyangelintl@gmail.com, Web : www.babyangelintl.com.np
Govt. License 940/067/068



Government of Bagamati Province
Ministry Of Health
Health Directorate

**Chautara Hospital**
Sindhupalchok,Nepal

**Invitation for Electronics Bid**

**First Date of Publication:2082/06/20 (2025/10/06)**

1. Chautara Hospital, Chautara invites bid from eligible bidders for the execution of below mentioned works under NCB procedures.
2. The Details of projects are tabulated below. Bidding is opened to all eligible Nepalese Bidders.

| S.N | Description of Works | Contract ID no.: | Estimated Amount | Bid Document Fee | Bid Bond Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Supplying and Delivering of Medicine items for paid & Health Insurance at Chautara Hospital | CH/NCB/GOODS/MS/01/082/83 | NRs. 1,81,48,372.27 exclusive VAT | NRs. 3000.00/- | NRs. 5,25,000.00/- | |
| 2 | Supplying and Delivering of Surgical items for paid & Health Insurance at Chautara Hospital | CH/NCB/GOODS/SG/02/082/83 | NRs. 45,63,925.30 including VAT | NRs. 3000.00/- | NRs. 1,30,000/- | |

Bidding Documents may be purchased from the following bank/office
Name of the Bank: Nepal Bank Ltd. Chautara Branch, Sindhupalchok
Name of the Office: Chautara Hospital, Sindhupalchok
Office Code no: 3700127013
Office Account no: 27202000001001000001
Rajaswa (revenue) Shirshak no: 14229
**If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited**
Bank Name: Nepal Bank Ltd.
Bank Address: Chautara Branch, Sindhupalchok
Account Name: Pra. Le. Ni. Ka. Sindhupalchok Dharauti Khata
Account Number: 05702000002003000001

3. The Medicine and Surgical Items supplied by the bidder should be **WHO/GMP certified with expire date 18 months.** Also,the bidder should submit-GMP certificate while submitting the bid, otherwise the bid will not be included in the evaluation.
4. Chautara Hospital, Sindhupalchok, Chautara reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award and matters not covered in this notice shall be accordance with Prevailing rules and regulation of GON.
5. Eligible bidder may obtain further information from www.bolpatra.gov.np

Act. Medical Superintendent

## अविरल वर्षापछिको बाढीले निम्त्याएको विनाश...



















१) सप्तरी र सुनसरीको बीचमा र पूर्व-पश्चिम राजमार्गमा पर्ने कोशी नदीमा लगातारको वर्षाका कारण पानीको बहाव बढेपछि कोशी ब्यारेजमा देखिएको पानीको बेग ।
२) सप्तरी जिल्लाको सप्तकोशी नगरपालिका-२ सुकुमबासी टोलमा पसेको त्रियुगा नदीको बाढी ।
३) निरन्तरको वर्षासँगै आएको बाढीले क्षतिग्रस्त इलामको गजुरमुखीधामस्थित माङसेबुङ गाउँपालिका र देउमाई नगरपालिका जोड्ने देउमाई खोलाको पक्की पुल ।
४) सर्लाहीको कौडेना गाउँपालिका-३ पर्सास्थित लखनदेही नदीको बाढीले बगाएको हुलाकी मार्ग ।
५) महोत्तरीको मटिहानी नगरपालिका-९ सिमरदहीको बस्तीमा पसेको बिगही खोलाको बाढी ।
६) कोशी राजमार्गअन्तर्गत संखुवासभाको सभाखोला लेगुवा सडक खण्डमा झरेको पहिरो हटाउँदै इन्द्र दल गुल्म खाँदबारीको नेपाली सेनाको टोली ।

*तस्बिरहरू: रासस*

# विपद्को उद्धारमा निरन्तर 'फिल्ड'मै चितवनका प्रजिअ अर्याल

■ **नारायण अधिकारी**

चितवन- सडकमार्गमा समस्यामा परेका यात्रुको व्यवस्थापनसहित उनीहरूलाई गन्तव्यसम्म पुर्याउन चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल अहोरात्र 'फिल्ड'मै खटिरहेका देखिन्छन् । जिल्लास्थित कर्मचारी संयन्त्रका प्रमुखका हैसियतले कार्यकक्षमा बसी निर्देशन दिनेभन्दा 'फिल्ड' मै पुगी आवश्यक निर्देशनसहित तथा सहजीकरण गर्न उनी व्यस्त देखिएका हुन् ।

जिल्लाका प्रमुख राजमार्गको पहिरो हटाउने, पहिरोमा अलपत्र परेका यात्रुलाई गन्तव्यसम्म पुग्नका लागि सहजीकरण गर्नुका साथ खाना, पानी तथा औषधिको व्यवस्था गर्ने तथा छिमेकी जिल्लाका आफ्ना समकक्षीसँग समन्वय गरी यातायात तथा यात्रुको व्यवस्थापन गर्ने काममा प्रमुख जिल्ला अधिकारी अर्याल अहोरात्र खटिरहेका छन् ।

सडक तथा यातायात, अस्पताल, होटल व्यवस्थापकलगायत सरोकार भएका निकाय तथा अधिकारीसँगको सहयोग र सहकार्यमा यात्रुलाई यथाशक्य राहत दिन प्रयास गरिएको उनले स्पष्ट गरे । यसै सन्दर्भमा नारायणगढ-मुग्लिन सडकखण्डको तुइन खोलामा पहिरो खसेर लामो समयसम्म अलपत्र परेका यात्रुलाई स्थानीय सामाजिक तथा व्यावसायिक संघसंस्थासँग समन्वय गरी खाना, पानी र औषधि उपचारको व्यवस्था गर्न सफल भएको प्रमुख जिल्ला अधिकारी अर्याल बताउँछन् ।

सडकमा गाडी रोकिएपछि बजारको अभावमा पिउने पानी र खानाको अभाव यात्रुले झेल्नुपरेको जानकारी पाउनासाथ खाना, पानी र औषधिको व्यवस्था गरिएको उनले स्पष्ट गरे । पहिरोका कारण सडकमा लामो समयसम्म अलपत्र परेका यात्रुलाई पानी बाँड्दै गर्दा देखिएका चितवनका प्रमुख जिल्ला अधिकारी अर्याल गत शुक्रबारदेखिको वर्षाका कारण भएको विपद् व्यवस्थापनका क्रममा निरन्तर फिल्डमा छन् ।

गत साता तुइन खोलाको पहिरो हटाउन र यात्रुलाई राहत दिन अहोरात्र फिल्डमै खटिएका अर्यालले भने, 'यसैबीच एक दिन सबै व्यवस्था मिलाउँदै जाँदा रातिको १२:०० बजे छ । त्यहीँ खाना खाएर सडकका कर्मचारीलाई उत्प्रेरणा दिन रातभर तुइनखोलामै बसेँ । स्वयं म आफैं त्यहाँ उपस्थित भएपछि सडकका कर्मचारी साथीलाई ऊर्जा मिल्यो, निरन्तर पहिरो आइरहे पनि सडक तथा यातायात व्यवस्थापन गर्न सफल भयौं ।'

पहिरो पन्छाउने उपकरण जुटाउनेदेखि इन्धन हाल्ने, विद्युत्को व्यवस्थालगायत काममा प्रमुख जिल्ला अधिकारी अर्याल खटिरहेको देखिन्छन् । मुग्लिनबाट तनहुँहुँदै तुइन खोला वारीसम्म आएका यात्रुलाई नेपाल प्रहरीको बसमार्फत भरतपुरसम्म निःशुल्क ल्याउन उनले अगुवाइ गरे । त्यसो त अलपत्र परेका यात्रुलाई व्यवसायीको सहकार्यमा खाना र पानीमात्रै होइन, चिकित्सक र औषधिसमेतको व्यवस्था गरिदिए ।

भरतपुर अस्पताल, चितवन मेडिकल कलेज, कलेज अफ मेडिकल साइन्सेस, जिल्ला जनस्वास्थ्य कार्यालय र मुग्लिनतर्फ इच्छाकामना गाउँपालिकाको सहयोगमा औषधोपचारको व्यवस्था उनले गरे । उनले भने, 'पाँच ठाउँमा क्याम्प गरेर अलपत्र यात्रुको स्वास्थ्योपचार गर्‍यौं ।'

प्रमुख जिल्ला अधिकारी जिल्लास्थित सुरक्षा निकायका प्रमुखसँग आफैं फिल्डमा खटिएकाले सोचेभन्दा छिटो सडक खुलाउन सफल भएको सर्वसाधारण बताउँछन् । तुइन खोलाको पहिरो पन्छाउन सक्दानसक्दै आएको अविरल वर्षात्ले जिल्लामा समस्या थपिए । ती समस्याको समाधानमा उनी प्रत्यक्ष रूपमा लागे ।

अर्यालका अनुसार अन्यत्र सडक बन्द भइरहँदा यहाँका सडक सञ्चालनमा थिए । उनकै पहलमा तनहुँ र धादिङका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखको उपस्थितिमा कुरिनटारमा बैठक बसेर राजमार्ग व्यवस्थापनको काम भयो । पहिरो गएको स्थानमा सवारीसाधन रोकिँदा हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै सुरक्षित स्थानको खोजी गरी सवारीसाधन रोक्ने व्यवस्था मिलाइएको थियो । अर्यालका अनुसार पहिरोको जोखिम उच्च नभएसम्म सवारीसाधन सञ्चालन गरेर यात्रुलाई सहजीकरण गरिएको छ ।

शनिबार रातको समयमा सडक बन्द गरेपछि अलपत्र परेका यात्रुलाई प्रमुख जिल्ला अधिकारी अर्यालले स्थानीय होटलमा ७५ प्रतिशत छुटको व्यवस्था गरे । उनका अनुसार होटल व्यवसायी संघ चितवन र क्षेत्रीय होटल संघको उपस्थितिमा बैठक बसेर यो व्यवस्थापन गरिएको हो ।

आइतबार बिहान भरतपुर विमानस्थलमा अलपत्र परेका यात्रुलाई अर्यालले व्यवसायीसँग समन्वय गरी बसको व्यवस्था मिलाएर गन्तव्यतर्फ पठाएका थिए । उनले भने, 'गुनासो आएपछि म विमानस्थल पुगेँ, धेरैलाई जानैपर्ने बाध्यता देखियो, विमानमा सम्भव नभएपछि बस खोजेर उहाँहरू आफैंले भाडा तिर्नेगरी काठमाडौं पठाउन सुरु गरेका छौं ।'

अर्यालले विपद्को यो समयमा कुनै समस्या भएमा चितवनस्थित प्रशासन कार्यालय वा प्रमुख जिल्ला अधिकारीलाई सोझै सम्पर्क गर्न आग्रह गर्दै विपद्को समयमा सेवा गर्ने अवसर दिन सम्बद्ध सबैसँग अनुरोध गरेका छन् ।

उनले भने, 'समग्रमा नागरिकलाई दुःख पर्दा राज्य छ है, मर्नु पर्दैन भन्ने अनुभूति दिनेगरी काम गर्‍यौं, राहत उद्धार एवं सहयोगपछि भुक्तभोगीजनबाट स्वःस्फूर्त रूपमा व्यक्त वाणीले आफूलाई काम गर्न थप हौसला मिलेको छ । प्रमुख जिल्ला अधिकारीका हैसियतले यसरी जनताको सेवा गर्न पाउँदा खुसी छु, सेवाग्राही एवं आमजनताकै पक्षमा काम गरिरहने प्रनिबद्धता व्यक्त गर्दछु ।' *रासस*

# झापामा ४५० घर डुबानमा

**झापा (प्रस)**– झापामा बाढीका कारण करिब ४५० घर डुबानमा परेका छन् । असोज १८ गतेदेखिको अविरल वर्षाका कारण नदीमा आएको बाढी बस्तीमा पस्दा जिल्लाका विभिन्न स्थानका घर डुबानमा परेका जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिए ।

मेचीनगर नगरपालिका-६ स्थित कालीखोलामाथिबाट पानी बढ्दा पूर्वपश्चिम लोकमार्ग अवरुद्ध भएको उनले बताए ।

त्यस्तै, शिवसताक्षी नगरपालिका-१० स्थित सुकुना खोलामा आएको बाढीले ह्युमपाइप बगाउँदा आवागमन अवरुद्ध भएको छ । अवरुद्ध सडक खुलाउने कार्य भइरहेको प्रवक्ता खड्काले जानकारी दिए । झापा गाउँपालिका-२ स्थित सुगाबथानमा ठूलो माइखोला बस्ती पस्दा ५६ घरधुरीका १४० जना विस्थापित भएका छन् । उनीहरूको उद्धार गरी स्थानीय कुवाडी माविमा स्थान्तरण गरिएको छ ।


## सडक डिभिजन साँफेबगर, अछाम

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०६/१९**

यस सडक डिभिजनबाट मिति २०८२/०४/२९ गते **हिमालय टाइम्स दैनिक**मा सूचना नं. ०२/०८२/८३ को प्रकाशित सूचनाअनुसार www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काहरूको लागि म्यादभित्र दर्ता भएका बोलपत्रहरूको मुल्याङ्कन पछि न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही रहेका तपशिल ठेक्काहरूमा निम्न बोलपत्रदाताहरूको प्रस्ताब सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि सोही ऐनको दफा २७ उपदफा २ र ३ को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाताको नाम | कबोल अंक (VAT बाहेक) |
|---|---|---|---|---|
| 1 | RDSNF/33701138/082/83-09 | Road Rehabilition Works on mangalsen-Bayalpata-Sanfe -Chaukhutte Road Section Achham | Bhim Nirman Sewa and Supplier, Melekh-06,Achham | १,०९,७३,४२४.९५ |
| 2 | RDSNF/33701136/082/83-12 | Traffic Safety Works On Sanfe-Mangalsen Road Section,Achham | D.N. Engineering Pvt. Ltd., Amargadi-5, Dadeldhura | १६,६८,०००.०० |
| 3 | RDSNF/33701136/082/83-13 | Traffic Safety Works On Sanfe-Martadi Road Section, Bajura | S.K. Chameli Construction and Suppliers Pvt.Ltd., Gokarneshwor-9, Kathmandu | १३,६४,४००.०० |

**डिभिजन प्रमुख**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २२३२०० | प्रति तोला – ० | प्रति तोला – २८१० |



**धानबाली** | लमजुङको मध्यनेपाल नगरपालिका वडा नम्बर ७ करापुटारमा अवस्थित इशानेश्वर महादेव मन्दिर र खेतमा पाक्न पहेँलपुर भएको धानबाली । *तस्बिर: देवेन्द्र गुरुङ/रासस*

# 'अकबरे खुर्सानी बिक्री गर्न बजारको समस्या छैन, माग धेरै छ'

**तनहुँ–** तनहुँको भिमाद नगरपालिका-९ को भानुमतिका कृषकले अकबरे खुर्सानी उत्पादनबाट करिब रु ४५ लाख आम्दानी गरेका छन् । सामूहिक अकबरे खुर्सानीखेती गरेका यहाँका कृषकले रु ४५ लाख आम्दानी गरेका हुन् । मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषक समूहमार्फत यहाँ अकबरे खुर्सानीखेती गरिएको भानुमति कृषक समूहका अध्यक्ष इमानबहादुर थापाले जानकारी दिए । यहाँका ३५ जना कृषक अकबरे खुर्सानीखेतीमा आबद्ध छन् ।

कृषक अखिल सारु मगरले यस वर्ष अकबरे खुर्सानी बिक्रीबाट रु सात लाख आम्दानी गरिसकेका छन् । करिब रु १२ लाख आम्दानी हुने उनको अनुमान छ । कृषक जयकुमार थापाले खुर्सानी बिक्री गरी रु एक लाख ५० हजार आम्दानी भएको जानकारी दिए । उनले मकै र कोदो रोप्ने बारीमा अकबरे खुर्सानी गरेको बताए । असारदेखि अकबरे खुर्सानी बजार पुऱ्याइएको उनले उल्लेख गरे ।

यहाँको कटनछाप, पाथर्दी, सखेप, पाइमे, जौपानीममा व्यक्तिगतसँगै सामूहिक अकबरे खुर्सानीखेती गरिएको छ । वडालाई अकबरेखेतीको पकेट क्षेत्र बनाउन ५० हजार बेर्ना कृषकलाई वितरण गरिएको थापाले बताए ।

अकबरे खुर्सानी बिक्रीबाट यहाँका कृषकले न्यूनतम रु ७० हजार आम्दानी गरेका छन् । उनले भने, 'अकबरे खुर्सानीले यहाँका कृषकको मुहारमा खुसी ल्याएको छ ।' अकबरे खुर्सानी पिरो भए पनि यसको आम्दानीले कृषकको जीवन गुलियो बनाएको थापाको भनाइ छ ।

कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न यहाँका स्थानीयवासी अकबरे खुर्सानीखेतीमा लागेका हुन् । उक्त खेतीबाट कृषकहरूले वार्षिक दुई लाख ५० हजार केजी खुर्सानी उत्पादन गर्ने लक्ष्य राखेका छन् ।

उत्पादन भएको खुर्सानी पोखरा, भिमाद, खैरेनीटारका बजारहरूमा बिक्री गरिएको छ । उनले भने, 'बजारको समस्या छैन, माग धेरै छ ।' हाल बजारमा प्रतिकेजी रु तीन सयदेखि रु ५०० थोक मूल्य रहेको छ । खुर्सानीको बिरुवा उत्पादनका लागि वडा नम्बर ९ ले रु एक लाख अनुदान दिएको थियो ।

# ऊर्जा र सिँचाइका संरचनामा करोडौँको क्षति

■ प्रभाव संवाददाता



**काठमाडौं–** यही असोज १७ र १८ गतेको अविरल वर्षासँगै देशका विभिन्न नदीनालाको बाढीबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका करोडौँका संरचनामा क्षति भएको प्रारम्भिक छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले पत्रकार सम्मेलनमा दिएको जानकारीअनुसार मुलुकका विभिन्न भागमा एक हजार ५०० मिटर तटबन्ध कटान हुँदा रु १० करोड बराबरको क्षति भएको छ । कन्काइले गौरीगञ्ज-२ झापामा हुलाकी राजमार्गको तल्लोतटीय दायाँ किनारमा करिब २०० मिटर तटबन्धन कटान गरी होक्लबारी गाउँका करिब ११४ घर डुबाएको छ । त्यहाँको ५०० हेक्टर धान खेतमा क्षति साथै झापा गाउँपालिका- २ को कुवाडीमा २०० मिटर तटबन्ध कटान हुँदा रु ७५ लाखको क्षति भएको छ ।

यसैगरी, मेची नदीले ठाउँठाउँमा रहेको स्परमा करिब रु ५० लाख, विराटनगरस्थित केशलिया नदीमा डुबान भई ७५ घर स्थानान्तरण, कमला नदीको पूर्वी किनार सिरहा १७ पटेरुवाको तटबन्धमा करिब रु २५ लाख बराबरको क्षति भएको छ ।

रौतहटमा लालबकैया नदीको दायाँ किनारमा करिब ६० मिटर तटबन्ध बगाई करिब १०० हेक्टर धान खेत र बौदीमाई गाउँमा करिब १२० मिटर तटबन्ध बगाई २०० हेक्टर धान तथा घरगोठ डुबान हुँदा रु ६० लाख बराबरको क्षति भएको छ । महोत्तरीमा रातो नदीले तटबन्ध बगाउँदा रु आठ करोड बराबरको क्षति भएको छ ।

सिँचाइ प्रणालीको बाँध क्षेत्रमा नदीमा आएको बाढीलाई सुरक्षित तवरले नदीमा फर्काउन हेड रेगुलेटर, मूल नहर र शाखा नहरका गेट समयमा नै खोलिएकाले सिँचाइ प्रणालीमा धेरै क्षति नभएको मन्त्री घिसिङले बताए । सुनकोशीको बाढीले सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाअन्तर्गतको निर्माणाधीन बाँधस्थल डुबेको छ ।

### १०५.४ मेगावाट विद्युत् उत्पादन बन्द

अविरल वर्षापछि आएको बाढी पहिरोले इलामका १३ वटा हाइड्रोपावरको उत्पादन तत्काललाई बन्द भएको छ । ती आयोजनाबाट उत्पादन हुने १०५.४ मेगावाट बिजुली उत्पादन ठप्प हुन पुगेको हो ।


ऊर्जा मन्त्रालयका अनुसार ४ दशमलव ५ मेगावाटको माइखोला हाइड्रोपावर, ८ मेगावाटको माइखोलाक्यासकेड, २२मेगावाटको माइखोला,जोगमाइखोला, तल्लो जोगमाई माइवेनी लगायतका हाइड्रोपावरको उत्पादन बन्द भएको हो । त्यस्तै पाँचथर इलाम र सिन्धुपाल्चोकका निर्माणाधीन हाइड्रोपावर पनि प्रभावित भएका छन् । निर्माणाधीन पाँच हाइड्रो पावरमध्ये चार वटाको उत्पादन डिले हुने मन्त्रालयले जनाएको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालले पनि १०५.४ मेगावाटका १३ आयोजनाको उत्पादन बन्द भएको जनाएको छ । यस्तै निर्माणाधीन अवस्थाका ९३ मेगावाट क्षमताका ५ वटा आयोजना बाढीले क्षति पुऱ्याएको इप्पानको भनाइ छ ।

# पर्यटकको पर्खाइमा पर्वतका 'होमस्टे'

**पर्वत–** वर्षायामसँगै ग्रामीण सडक अवरुद्ध हुँदा यहाँका ग्रामीण क्षेत्रमा सञ्चालित होमस्टे (घरबास)सुनसान बनेका छन् ।

जिल्लामा पाँच दर्जन बढी होमस्टे सेवा सञ्चालित छन् । वर्षायामका कारण सुनसानजस्तै बनेका होमस्टेहरू जेनजी प्रदर्शनका क्रममा थप प्रभावित बनेका हुन् । मनसुन सकिन थालेसँगै पर्यटकका पर्खाइमा रहेको भए पनि तत्काल पर्यटक आउने सम्भावना नरहेको भन्दै चिन्तित बनेका छन् । वर्षायाम सुरु भएसँगै गत असारदेखिनै पर्यटकहरूको आगमनमा कमी भएपछि यहाँ सञ्चालित होमस्टे सुनसान बनेका हुन् ।



यहाँका सातवटै पालिकामा गरी ६२ घरबास सञ्चालनमा छन् । पर्यटन तथा उद्योग कार्यालयका अनुसार कुश्मा नगरपालिकामा ११, फलेवास नगरपालिकामा पाँच, मोदी गाउँपालिकामा १९, जलजला गाउँपालिकामा छ, महाशिला गाउँपालिकामा नौ, पैंयुँमा तीन र विहादीमा सातवटा होमस्टे सेवा सञ्चालनमा रहेका छन् । यी सामुदायिक होमस्टे हुन् भने दुईवटा निजी होमस्टे समेत सञ्चालनमा छन् ।

जिल्लाको कुश्मा नगरपालि-३ दुर्लुङ्ग, वडा नं १४ आर्थर, फलेवास -२ थापाठाना, जलजला गाउँपालिकाको बाँखसर्क, लेखफाँट, शालिजा, महाशीला गाउँपालिकाको भोक्सिङ, पाखापानी, बालाकोट, लुपु, बिहादी गाउँपालिकाको गेप्ताङ र बाँच्छा सामुदायिक होमस्टे तथा पैंयु गाउँपालिकाको नेकर्गा र चिन्नेखर्कलगायतका स्थानमा सञ्चालित घरबास वर्षायामका कारण ठप्पजस्तै रहेको सञ्चालकले बताएका छन् ।

गण्डकी प्रदेशकै अग्रणी घरबास सेवा दिँदै आएको मोदी -८ चित्रेस्थित पञ्चकोशी सामुदायिक होमस्टेमा मात्र गत वर्षमा चार हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक भित्रिएका थिए । धेरैको रोजाइमा पर्दै आएको 'चित्रे ग्रामीण पर्यटन होमस्टे' मा विभिन्न जिल्लाबाट पाहुनाहरू आउने क्रम अब सुरु हुने होमस्टे व्यवस्थापन समितिका अध्यक्ष सुशीलादेवी गुरुङले बताइन् ।

प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल पञ्चासेको काखमा रहेको चित्रेबाट देखिने प्राकृतिक दृश्यका साथै गुरुङ जातिको मौलिक कलाले होमस्टेमा आउनेहरूको मन जित्दै आएको छ । अहिले वर्षायाम भएकाले आन्तरिक तथा बाह्य पर्यटकको संख्या सुन्यजस्तै रहेको छ । अब विस्तारै हिउँदयाम सुरु भएपछि पर्यटकहरू आउने क्रम सुरु हुने बताइन् ।

चित्रे हुँदै स्याङ्जा, कास्की र पर्वतको सङ्गमस्थल पञ्चासेमा पदयात्रा गर्दै समेत जाने 'रुट' समेत रहेका कारण पदयात्रामा जानेदेखि चित्रेको कला र प्राकृतिक सौन्दर्य हेर्न जाने आन्तरिक पर्यटकहरूको संख्या धेरै छ ।

होमस्टे पुग्ना साथ गुरुङ पोसाकमा सजिएका महिलाबाट टीका, फूल र मालाबाट गरिने आतिथ्यले सबैलाई फुरुङ्ग बनाउँछ । खानाको रूपमा कोदोको पिठोबाट बनाइएको पुवा, सेल रोटी, गुन्द्रुक र भट्टको तरकारी, स्थानीय जातका गोलभेँडाबाट बनाएको चटनी अनि लेकको चिसोपानीले मथेर बनाएको मोहीले धेरैलाई लोभ्याउँछ । चित्रेको होमस्टेका आकर्षणमा अर्गानिक र स्थानीय खानाका स्वादसँगै पञ्चेबाजाको ताल र भजनको टुक्का पनि रहेको होमस्टे विकास समितिका सल्लाहकार मधुसोदन अधिकारीले बताए । अहिले सडक समेत अवरुद्ध भएकाले पर्यटकहरू आउन सकेका छैनन् ।

यस्तै मोदी-१ भुकताङ्लेमा रहेको लप्सीबोट सामुदायिक र भुक देउराली नमूना सामुदायिक होमस्टे पनि सुनसान छन् । गाउँ जोड्ने पातीचौर-देउपुर-लप्सीवोट सडक एक महिनादेखि अवरुद्ध हुँदा पर्यटकहरू आउन नसकेको वडाध्यक्ष टेकबहादुर गुरुङले बताए । वर्षायाममा न्यून पर्यटक आउने भए पनि सडक समेत अवरुद्ध हुँदा झनै ठप्प बनेको उनले जानकारी दिए ।

नियमित वर्षा भइरहँदा जिल्लाका अन्य होमस्टेहरूमा पनि पर्यटकको चहलपहल बढ्न नसकिरहेको पर्यटन तथा उद्योग कार्यालय पर्वतले जनाएको छ । कार्यालयका अनुसार वर्षा रोकिएपछि चाडबाड सुरु हुने र पर्यटनको मौसमसमेत सुरु हुने भएकाले चहलपहल बढ्ने कार्यालय प्रमुख अशोक नेपालीले बताए । *रासस*

हिंसा होइन, माया र सहिष्णुता बढाऔं
हिंसा हुन नदिऔं,
- सबै प्राणीप्रति करूणा र सम्मान राखौं,
- द्वन्द्व होइन, संवाद र समझदारी अपनाऔं,
- परिवारदेखि समाजसम्म शान्ति फैलाऔं,
- हिंसात्मक क्रियाकलापबाट बचौं,
- बालबालिका, महिला र अन्य कमजोर वर्गको सुरक्षा गरौं,
- द्वेष र घृणा नफैलाऔं,
- सामाजिक विवादमा धैर्यता र संयमता अपनाऔं,
- तनाव र रिसलाई व्यवस्थापन गरौं,
- समस्याको शान्तिपूर्ण समाधान खोजौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ